फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
इमेल नं. pmamp.piu.gulmli@gmail.com
Website: piugulmi.pmamp.gov.np

# नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन
# परियोजना कार्यान्वयन एकाइ, गुल्मी

**कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति:-२०७७/०५/२१**

**सूचना नं: ७**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ, गुल्मीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि मकै/बाख्रा जोन क्षेत्रका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमी सूचिकृत भई सूचना प्रकाशन भएको मितिले **३० दिन (तीस) मिति २०७८/०६/१९ गते** भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाइ, गुल्मी वा सम्बन्धित स्थानीय तहको कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराइन्छ।

**तपशिल:**

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चालान हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | उन्नत प्रबिधिको बाख्रा खोर निर्माणका लागि अनुदान | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | ५० पटक | बाख्रा जोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा २५० वटा उन्नत तथा स्थानिय जातको माउ बाख्रा र नीजि उद्यमीको हकमा कम्तिमा १० वटा माउ बाख्रा हुनु पर्ने। |
| २. | लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्धि कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | ६० पटक | बाख्रा जोन क्षेत्र | |
| ३. | बाख्रापालन कृषकहरुलाई घास बाली प्रबर्दन कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | १ पटक | बाख्रा जोन क्षेत्र | |
| ४ | मकै क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | ३० हे. | नयाँ मकै जोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा १५० रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्ने। |

**नयाँ मकै जोन क्षेत्र: मुसिकोट - १,५,६,७ चन्द्रकोटः ७,८ सत्यवती:१,२,५,६,७ रुरु क्षेत्र:२,५,६ छत्रकोट:१,४ गुल्मीदरवार:१,२**

**बाख्रा जोन क्षेत्र: मुसिकोट:१ धुर्कोटः ६,७ मदाने:३,६ मालीकाः ६,७ इस्माः ४,५,६**

**प्रस्तावका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:**

१) रु. १० को टिकट टाँस गरि निवेदन।
२) परियोजना कार्यान्वयन इकाईले तयार गरेको रित पूर्वक भरेको आवेदन फारम।
३) कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
४) लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणपत्रको प्रतिलिपि।
५) कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
६) कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि।
७) सम्बन्धित स्थानीय तहको वडाको सिफारिस।

सुमन खनाल
वरिष्ठ कृषि अधिकृत